# वित्तीय जानकारी इकाई-नेपालद्धारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले २०७८ मंसिर २० गते बैंकर्स प्रशिक्षण केन्द्रको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । इकाईका प्रमुख/निर्देशक दीर्घ बहादुर रावलको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रममा इकाईका सम्पूर्ण कर्मचारीहरुको सहभागिता थियो ।




इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले "Knowledge Sharing on APG Assessor Training" विषयमा प्रस्तुती दिनु भएको थियो । इकाईका उ.नि मेदनी प्रसाद पोखेल र उ.नि अस्मिता गोर्खालीद्धारा सहभागी भएको "APG Assessor Training" को क्रममा नेपालको पारस्परिक मूल्याङ्कन प्रक्रियामा प्रत्यक्ष सारोकार राख्ने विषयहरु जस्तै Technical Compliance and Effectiveness Assessment Rating सम्बन्धमा प्रकाश पारिएको थियो । सोही क्रममा सहभागीबाट उठेका प्रश्नहरुको जवाफ उप-निर्देशकहरुले दिनु भएको थियो । कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएकोमा इकाईका प्रमुखज्यूले प्रस्तोता तथा सहभागीहरुलाई धन्यवाद दिंदै कार्यक्रमको समापन गर्नुभयो ।